# लोक सेवा आयोग
## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
### परीक्षा संचालन शाखा

**सशस्त्र प्रहरी निरीक्षक पदको बौद्धिक परीक्षा (आई.क्यु.) को परीक्षा केन्द्र निर्धारण गरिएको सम्बन्धी सूचना**

| निकायः | श्री सशस्त्र प्रहरी बल नेपाल | विज्ञापन प्रकाशित मितिः | २०७८/०५/११ | लि.प. कार्यक्रम प्रकाशन मितिः | २०७८/०६/०८ | परीक्षा केन्द्र निर्धारण मिति : | २०७८/०७/१५ |
|---|---|---|---|---|---|---|---|

**सशस्त्र प्रहरी बल नेपाल**को पूर्व प्रकाशित विज्ञापन अनुसार सशस्त्र प्रहरी निरीक्षक पदको बौद्धिक परीक्षा (आई.क्यु.), को **परीक्षा केन्द्र** देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनु भन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै सशस्त्र प्रहरी बल नेपालमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | चरण / पत्र | विषय | परीक्षा मिति र समय | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | देखि | सम्म |
| १.१ | ०१ (०७८/०७९) | खुला तथा समावेशी | सशस्त्र प्रहरी निरीक्षक | चतुर्थ | बौद्धिक परीक्षा (आई.क्यु.) | २०७८ मंसिर ४ गते विहान ११:०० बजे (१ घण्टा) | २०० | श्री विजय स्मारक मा.वि., डिल्लिवजार । | १ | २७६ |
| | | | | | | | २०० | श्री सगरमाथा मल्टिपल कलेज, डिल्लिवजार । | २७७ | ५५८ |
| | | | | | | | १७४ | श्री लोक सेवा आयोग, अनामनगर । | ५६३ | ८५५ |

**पुनश्च :**

१. सशस्त्र प्रहरी निरीक्षक पदको बौद्धिक परीक्षा (आई.क्यु.) Optical Mark Reader (OMR) प्रणालीबाट सञ्चालन हुने व्यहोरा सूचित गरिन्छ ।

२. चतुर्थ चरणको बौद्धिक परीक्षण (I.Q.) परीक्षामा उत्तीर्ण उम्मेदवारलाई मात्र **पाँचौ चरण**को लिखित परीक्षामा समावेश गराईनेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | चरण / पत्र | विषय | परीक्षा मिति र समय | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | देखि | सम्म |

**द्रष्टव्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा ३० मिनेट अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **मोबाइल, इलेक्ट्रोनिक डिभाइस निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०% अङ्क** कट्टा हुनेछ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्णयहरु तथा आयोगबाट जारी हुने संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ को पालना गरी परीक्षा सञ्चालन हुनेछ ।

८. परीक्षार्थीहरु सबैले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा सशस्त्र प्रहरी बल नेपालको वेभ साइटमा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी सशस्त्र प्रहरी बल नेपालमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

**कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले माक्स लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।

२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **एक घण्टा तीस मिनेट** अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।

३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।

४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

५. परीक्षार्थीले उत्तरपुस्तिकामा लेखिसके पश्चात बाँकी रहेको उत्तरपुस्तिकाको **खाली स्थान स्वयंले काटी** बुझाउनु पर्नेछ ।

६. परीक्षार्थीले उत्तरपुस्तिका बुझाउँदा आफ्नो **उत्तरपुस्तिका गन्ती गरी उत्तरपुस्तिका बुझाएको हस्ताक्षर गरी** बाहिर जानु पर्नेछ।

७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

राजु सत्याल
शाखा अधिकृत

नारायणप्रसाद ज्ञवाली
उपसचिव